आज मिति २०७६ साल चैत्र ०९ गते आइतवारको दिन भीमेश्वर नगरपालिका, नगर कार्यपालिकाको ४८ औ आकस्मिक बैठक भीमेश्वर नगरपालिकाका प्रमुख श्री भरत बहादुर के.सी.को अध्यक्षतामा बसी देहाएको निर्णय गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| श्री भरत बहादुर के.सी. | प्रमुख |
| श्री कमला बस्नेत | उपप्रमुख |
| श्री मान वहादुर खडका | प्रमुख प्रशासकीय अधिकृत |
| श्री विर बहादुर थामी | वडा अध्यक्ष, वडा नं. १ |
| श्री विराजमान श्रेष्ठ | वडा अध्यक्ष, वडा नं. २ |
| श्री हरिशरण शिवाकोटी | वडा अध्यक्ष, वडा नं. ३ |
| श्री हरिवंश चौलागाँई | वडा अध्यक्ष, वडा नं. ४ |
| श्री रामचन्द्र बस्नेत | वडा अध्यक्ष, वडा नं. ५ |
| श्री नविन कुमार लामा | वडा अध्यक्ष, वडा नं. ६ |
| श्री कैलाश कुमार श्रेष्ठ | वडा अध्यक्ष, वडा नं. ७ |
| श्री नकुल के.सी. | वडा अध्यक्ष, वडा नं. ८ |
| श्री चित्र बहादुर भुजेल | वडा अध्यक्ष, वडा नं. ९ |
| श्री गौरी थामी | कार्यपालिका सदस्य |
| श्री लालकृष्ण थामी | कार्यपालिका सदस्य |
| श्री दिपक धनुके | कार्यपालिका सदस्य |
| श्री जमुना श्रेष्ठ | कार्यपालिका सदस्य |
| श्री रुपा भुजेल शाही | कार्यपालिका सदस्य |
| श्री सुमन सुनाम | कार्यपालिका सदस्य |
| श्री मञ्जु वि.क. | कार्यपालिका सदस्य |
| श्री किरण वली | कार्यपालिका सदस्य |

मिति : २०७६/१२/०९
समय : विहान ११:०० बजे
स्थान : महांकाल सदन

## कार्यपालिकाको ४८ औं बैठकका निर्णयहरु

**निर्णय नं. १ :** विश्वव्यापी महामारीको रुपमा फैलिई रहेको कोरोना भाइरस रोग (कोभिड-१९) को संक्रमण जोखिम नियन्त्रण पूर्वतयारी सम्वन्धमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ३९२, मिति २०७६/१२/०९ गतेको परिपत्र समेतका आधारमा ऐ. परिपत्रसाथ संलग्न श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (स्वास्थ्य आपतकालिन तथा विपद् व्यवस्थापन इकाई) को परिपत्रको प्रकरण (ख) बमोजिम यस नगरपालिकामा नगर प्रमुख संयोजक र नगर उपप्रमुख सह-संयोजक रहने गरी नगरस्तरको समन्वय समिति गठन गरियो ।

**निर्णय नं. २ :** निर्णय नं. १ अन्तर्गत ऐ. परिपत्र प्रकरण (क) बमोजिम वडास्तरको स्थानीय समन्वय समिति वडा अध्यक्षको संयोजकत्वमा वडा समितिको सदस्यहरु, सम्वन्धित स्वास्थ्य संस्था, स्थानीय प्रहरी तथा स्थानीय विद्यालयको प्रधानाध्यापक सदस्य रहेको समिति गठन गरी देहायको कार्यहरु सञ्चालन गर्न परिपत्र गर्ने निर्णय गरियो ।

**तपसिल**

(क) नगरस्तरको स्थानीय समिति बैठक बस्ने,
(ख) मिति २०७६ चैत्र ११ गते देखि ५ दिन सम्म टोली बनाई सूचना पत्र (ब्रोसर) सहित घरदैलो गरी कोरोना भाइरस रोग सम्वन्धी जनचेतना तथा निगरानी अभियान सञ्चालन गर्ने,
(ग) उपरोक्त अभियान सञ्चालन गर्न खाजा खर्च वापत प्रति वडा रु १०,०००/- (दश हजार मात्र)उपलव्ध गराउने,
(घ) वडा कार्यालयमा राष्ट्रसेवक कर्मचारी नियमित हाजिर भई सूचना प्रवाह गर्ने र गम्भिर प्रकारका स्वास्थ्य सम्वन्धी सिफारिस जस्ता अत्यावश्यक सेवा बाहेक नियमित कामकाज २०७६ चैत्र २१ गतेसम्मका लागि स्थगन गर्ने ।

**निर्णय नं.३ :** उल्लेखित निर्णय नं. १ समेतका आधारमा भीमेश्वर नगरपालिका कार्यालयमा आकस्मिक र अत्यावश्यक प्रकृतिका सेवा बाहेकका नियमित सेवाहरु २०७६ चैत्र २१ सम्मका लागि स्थगन गरी सार्वजनिक सूचना प्रवाह गर्ने निर्णय गरियो ।

**निर्णय नं.४ :** भीमेश्वर नगरपालिकाको नगर क्षेत्रबाट सार्वजनिक, निजि साझेदारीमा सञ्चालन भईरहेको फोहोरमैला व्यवस्थापन अत्यावश्यक सेवा अन्तर्गत पर्ने भएकाले फोहोरमैला व्यवस्थापनलाई थप प्रभावकारी बनाउने र सो बापत २०७६ चैत्र १० गतेदेखि चैत्र २१ गतेसम्म सो फोहोरमैला संकलन/व्यवस्थापनमा संलग्न कामदार/कर्मचारीहरुलाई दैनिक रु १००/- (एक सय मात्र) प्रोत्साहन स्वरुप खाजा भत्ता नगरपालिकाबाट उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ५ :** विश्वव्यापी महामारीको रुपमा फैलिई अन्य मुलुकहरुमा हजारौ मानिसहरुको ज्यान लिईरहेको कोरोना भाइरस रोग (कोभिड-१९) को संक्रमण जोखिमलाई ध्यानमा राख्दै यस नगरपालिकाको वडा नं. २ मा परापूर्वकालदेखि चल्दै आएको मच्छिन्द्रनाथको रथयात्रा नचलाउन सम्वन्धित सरोकारवालाहरुलाई लेखी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ६ :** यस नगरपालिका अन्तर्गत भीमेश्वर मन्दिरको नियमित पुजा बाहेक अन्य कार्यक्रम स्थगन गर्न र नियमित पुजा सञ्चालन गर्दा लाईनमा २ व्यक्ति बीच १ मिटरको फासला कायम गरी एक पटकमा २५ जना भन्दा बढी सहभागी/उपस्थित नहुने व्यवस्था मिलाउन सम्वन्धित सरोकारवालाहरुलाई लेखी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ७ :** यस नगरपालिका क्षेत्रभित्र विभिन्न धार्मिक संघ/संस्थाहरुमा मानिसहरु भेला भई विभिन्न गतिविधि गरिरहेको सूचना प्राप्त भएकोले सम्भावित संक्रमणको दूर्घटनालाई ध्यानमा राख्दै यथासम्भव घरभित्रै बस्न र यस प्रकारका भेटघाट/गतिविधि नर्गन/नगराउन सार्वजनिक सूचना प्रवाह गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ :** नेपाल सरकारबाट स्वीकृत राष्ट्रपति शैक्षिक सुधार कार्यक्रममा व्यवस्था भए अनुसार देहायका विद्यालयहरुले तपसिलको कार्यक्रम संचालन गर्ने गरि प्रस्तावना पेश हुन आए अनुसार तपसिल बमोजिम प्राथमिकता क्रमको आधारमा सिफारिस गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र.सं | विद्यालय कोड | विद्यालयको नाम | प्रस्तावनामा पेश भएको कार्यक्रम | प्राथमिकता क्रम | कैफियत |
|---|---|---|---|---|---|
| १ | २२००४००३१ | श्री कुटिँडाडा मा.वि. मकैबारी | विद्यालयमा इन्टरनेट सुविधाको विस्तार/smart board सुविधाको व्यवस्थापन | १ | |
| २ | २२००४००३२ | भीम मा.वि. दोलखा | सार्वजानिक विद्यालयमा विज्ञान प्रयोगशाला स्थापना र संचालन | २ | |
| ३ | २२००४००१४ | बुढाभिमसेन मा.वि. दोलखा | ह्ररित विद्यालय, वातवरणीय सुधार एवंम रंङ्गरोगन कार्य | ३ | |
| ४ | २२००४००२५ | सेतीदेवी आ.वि. काउँले | विद्यालयमा इन्टरनेट सुविधाको विस्तार/smart board सुविधाको व्यवस्थापन | ४ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | २२००४००२८ | राजकुलेश्वर आ.वि. दोलखा | विद्यालयमा इन्टरनेट सुविधाको विस्तार/smart board सुविधाको व्यवस्थापन | ५ | |
| ६ | २२००४०००६ | सुर्के मा.वि. खरिढुङ्गा | पुस्तकालय र खेल मैदान निमार्ण | ६ | |
| ७ | २२००४००३४ | कालिन्चोक मा.वि. चरिकोट | सूचना प्रविधि तथा कम्प्युटर ल्याव व्यवस्थापन | ७ | नमूना विद्यालय |
| ८ | २२००४००३५ | सर्ब मा.वि. जिलु | विद्यालयमा इन्टरनेट सुविधाको विस्तार/smart board सुविधाको व्यवस्थापन | ८ | |
| ९ | २२००४०००७ | क्षमावती मा.वि. सुष्पा क्षमावती | कृषि प्राविधिक शिक्षा संचालन तलब भत्ता व्यवस्थापन | ९ | नमूना विद्यालय |